"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र


सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ६) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, आषाढ १६ गते २०८१ साल (संख्या०२


## भाग १

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्घा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन

सम्वत् २०८१ सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०२

# सिरीजङ्घा गाउँपालिकाको आर्थिक ऐन, २०८१

**प्रमाणीकरण मितिः २०८१।०३।१६**

**प्रस्तावनाः** सिरीजङ्घा गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिरीजङ्घा गाउँपालिकाको १५ औं गाउँ सभा अधिवेशनको दोश्रो बैठकले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सिरीजङ्घा गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन मिति २०८१ साल श्रावण १ गतेदेखी सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल कर तथा वहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल उपर गरिनेछ तथा गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण वा रेखदेख वा सञ्चालन गरेका अनुसूची ३ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार वहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ५ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ६ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **<u>विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवाः</u>** गाउँपालिका क्षेत्रभित्रका विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवामा अनुसूची ७ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **<u>मनोरञ्जन करः</u>** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **<u>सेवा, शुल्क, दस्तुरः</u>** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको र अन्य सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार दर्ता, सिफारिस, शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ।

११. **<u>हाट बजार करः</u>** गाउँपालिका क्षेत्रभित्र हुने हाट बजारमा अनुसूची १० बमोजिमको हाटवजार कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१२. **<u>दण्ड, जरिवाना तथा सजाय र पुरस्कारः</u>** तोकिएका कर, दस्तुर, सेवा शुल्क तोकिएको समय सीमामा नबुझाएमा तथा अन्य स्थानीय तहका नियमहरु. पालना नगरेमा अनुसूची ११ बमोजिम दण्ड जरिवाना तथा सजाय लगाइने र असुल उपर गरिनेछ। र, उपरोक्त बमोजिम दण्ड जरिवाना तथा सजाय असुलीमा सहयोग गर्ने सरोकारवाला पक्षलाई गाउँ सभा अधिवेशनको निर्णय बमोजिम पुरस्कार समेत प्रदान गर्न सकिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१३. **<u>कर छुटः</u>** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका टोल विकास संस्था र महिलाद्वारा सञ्चालित समुहलाई १०० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ । यसै गरी २०८१ साल आषाढ मसान्तसम्म नविकरण गर्न बाकी बक्यौता रहेको व्यवसाय र गैर सरकारी संस्थालाई चालु आ.व. को असोज मसान्तभित्र नविकरण गरेमा जरिवाना रकमको ७५ प्रतिशत छुट दिईने छ ।

१४. **<u>राजस्व संकलन सम्बन्धी प्रमुख दायित्वः</u>** यो ऐनमा भएको व्यवस्था अनुसार गाउँ कार्यपालिकाको कार्यालयबाट असुल गरिने राजस्वका हकमा राजस्व हेर्ने शाखा प्रमुख तथा शाखाका कर्मचारी र वडा कार्यालयबाट असुल गरिने राजस्वका हकमा सम्बन्धित वडाका वडा अध्यक्ष र वडा सचिवको राजस्व संकलन सम्बन्धी प्रमुख दायित्व हुनेछ।

## अनुसूची १
## सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ बमोजिम घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाउनु पर्ने भएकोमा गाउँपालिका क्षेत्रभित्रका फुसका घरको मुल्य ह्रास कट्टी गर्न तत्काल सम्भव हुने नदेखिएकाले आगामी दिनमा उक्त विषयलाई सम्बोधन गर्ने गरी हाललाई प्रत्येक घरमा देहाय बमोजिमको सम्पत्ति कर लिइनेछ।

| क्र.सं. | घरको वनोट | आर्थिक वर्ष २०८१।८२ का लागि पारित दर रु.. | कैफियत |
|---|---|---|---|
| १ | फुसको घर | ५०।०० | |
| २ | जस्तापाताले छाएको घर | १५०।०० | |
| ३ | पक्की घर एकतले | ३५०।०० | |
| ४ | पक्की घर दुइ तला वा सो भन्दा माथि | ५००।०० | |

## अनुसूची २
## भूमि कर (मालपोत)

| क्र.सं. | जग्गाको वर्गीकरण | आर्थिक वर्ष २०८१।८२ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | सडकले छोएको अब्बल जग्गा प्रति रोपनी | २५।०० | |
| २ | गोरेटो बाटोले छोएको अब्बल जग्गा प्रति रोपनी | २०।०० | |
| ३ | सडक तथा गोरेटो बाटोले नछोएको अब्बल जग्गा प्रति रोपनी | १५।०० | |
| ४ | सडकले छोएको दोयम जग्गा प्रति रोपनी | २०।०० | |
| ५ | गोरेटो बाटोले छोएको दोयम जग्गा प्रति रोपनी | १५।०० | |
| ६ | सडक तथा गोरेटो बाटोले नछोएको दोयम जग्गा प्रति रोपनी | १०।०० | |
| ७ | सडकले छोएको सीम जग्गा प्रति रोपनी | १५।०० | |
| ८ | गोरेटो बाटोले छोएको सीम जग्गा प्रति रोपनी | ८।०० | |
| ९ | सडक तथा गोरेटो बाटोले नछोएको सीम जग्गा प्रति रोपनी | ५।०० | |
| १० | सडकले छोएको चहार वा खरबारी वा भीर वा बुट्यान जग्गा प्रति रोपनी | ७।०० | |
| ११ | गोरेटो बाटोले छोएको चहार वा खरबारी वा भीर वा बुट्यान जग्गा प्रति रोपनी | ५।०० | |
| १२ | सडक तथा गोरेटो बाटोले नछोएको चहार वा खरबारी वा भीर वा बुट्यान जग्गा प्रति रोपनी | ३।०० | |

| | | | |
|---|---|---|---|
| १३ | गाउँपालिका क्षेत्रभित्र सडक विस्तारका लागि निशुल्क जग्गा दिएका व्यक्तिहरुको जग्गा नेपाल सरकारको स्वामित्वमा नआउन्जेलसम्म सडकले चर्चेको क्षेत्रभित्रको जग्गामा भूमिकर (मालपोत) मिनाहा गरिएको छ। | | |
| **नोटः** धनीपुर्जामा अलैंचीबारी उल्लेख गरेको भए अब्बल जग्गा मानी सोही बमोजिम कर संकलन गरिनेछ। | | | |

## अनुसूची ३

## घर जग्गा बहाल कर

| क्र.सं. | घर जग्गा बहाल कर | आर्थिक वर्ष २०८१।८२ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा सम्झौता रकमको दश प्रतिशत रकम | सम्झौता रकमको दश प्रतिशत रकम । | |
| २ | गाउँपालिकाले निर्माण गरेको टहराका लागि भाडा गाउँ कार्यपालिकाले तोकी सोही रकमको दश प्रतिशत रकम बहाल कर लिइनेछ । | सम्झौता रकमको दश प्रतिशत रकम । | |

## अनुसूची ४

## व्यवसाय कर

| क्र.सं. | व्यवसायको प्रकृति | आर्थिक वर्ष २०८१।८२ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | मदिरा पसल थोक | १३००।०० | |
| २ | मदिरा पसल खुद्रा | ६००।०० | |
| ३ | सुर्तीजन्य पसल थोक | १२००।०० | |
| ४ | सुर्तीजन्य पसल खुद्रा | ५००।०० | |
| ५ | हल्का पेय पदार्थ थोक | ५००।०० | |
| ६ | हल्का पेय पदार्थ खुद्रा | ३००।०० | |
| ७ | सुनचाँदी पसल | ५००।०० | |
| ८ | औषधि पसल | ५००।०० | |
| ९ | माछा मासु विक्री पसल | ५००।०० | |
| १० | एग्रोभेट र भेटेरिनरीको औषधि पसल | ५००।०० | |
| ११ | स्टेशनरी पसल | ५००।०० | |
| १२ | कस्मेटिक पसल | ५००।०० | |
| १३ | मोटर पार्टस पसल | ५००।०० | |
| १४ | सवारीसाधन मर्मत सेण्टर | १५००।०० | |

| | | | |
|---|---|---|---|
| १५ | कपडा, फेन्सी, जुत्ता चप्पल, व्याग पसल | ५००।०० | |
| १६ | इलेक्ट्रोनिक्स पसल | ५००।०० | |
| १७ | हार्डवेयर पसल | १५००।०० | |
| १८ | फर्निचर पसल | १०००।०० | |
| १९ | टेलिरङ पसल | ५००।०० | |
| २० | किरानाजन्य सामान मात्र विक्री गर्ने किराना पसल | ५००।०० | |
| २१ | चियानास्ता मात्रको पसल सामान्य | ५००।०० | |
| २२ | होटल खाने बस्ने सुविधा सहितको | १५००।०० | |
| २३ | तरकारी पसल | २००।०० | |
| २४ | भाँडा पसल | ५००।०० | |
| २५ | खोटो व्यवसायी | ५००।०० | |
| २६ | फर्निचर उद्योग | १०००।०० | |
| २७ | डेरी उद्योग | ५००।०० | |
| २८ | कुटानीपिसानी मिल | ५००।०० | |
| २९ | फोटो स्टुडियो | ५००।०० | |
| ३० | क र ख वर्गको वाणिज्य तथा विकास बैंक शाखा कार्यालय | ६०००।०० | |
| ३१ | फाइनान्स कम्पनी | ५५००।०० | |
| ३२ | घ वर्गको लघुवित्त संस्था | ५०००।०० | गाउँपालिका क्षेत्र भित्र कार्यालय स्थापना नभएपनि आर्थिक कारोवार सञ्चालन गर्ने संस्थाले अनिवार्य राजश्व तिर्नु पर्नेछ । |
| ३३ | मनी ट्रान्सफर | २५००।०० | |
| ३४ | क्लिनिक तथा ल्याब | २०००।०० | |
| ३५ | निजी शिक्षण संस्था | ५०००।०० | |
| ३६ | चस्मा पसल | ५००।०० | |
| ३७ | सैलुन पसल | ५००।०० | |
| ३८ | गैर सरकारी संस्था तथा सहकारी संस्था | २०००।०० | |
| ३९ | उद्यान समुह वा जडिवुटि उद्योग वा अलैंची वा गोलिया सम्बन्धित उद्योग | ३०००।०० | |
| ४० | होम स्टे व्यवसाय दर्ता शुल्क | ५०००।०० | |
| ४१ | होम स्टे व्यवसाय नविकरण शुल्क | १५००।०० | |
| ४२ | माथी उल्लेख नभएका सवै प्रकारका साना घरेलु उद्योग | ५००।०० | |
| ४५ | **व्यवसाय दर्ता तथा नविकरण दस्तुर चालु पूँजी** | | |

| | | | |
|---|---|---|---|
| | **तथा स्थिर पूजीको आधारमा वर्गिकरण देहाय बमोजिम हुने** | | |
| | ५ लाख सम्मको | ५००।०० | |
| | ५ लाख भन्दा माथी १० लाख सम्मको | १०००।०० | |
| | १० लाख भन्दा माथी १५ लाख सम्मको | १५००।०० | |
| | १५ लाख भन्दा माथी | २०००।०० | |
| ४६ | **जडिबुटी निकासी कर** | | |
| | अलैंची प्रति के.जी. | ५ | |
| | चिराईतो प्रति के.जी. | १ | |
| | कुट्की प्रति के.जी. | १०० | |
| | सतुवा प्रति के.जी. | १५ | |
| | मजिटो प्रति के.जी. | २ | |
| | विख्मा प्रति के.जी. | १०० | |
| | पाखनवेद प्रति के.जी. | ५ | |
| | बुढो ओखती प्रति के.जी. | ५० | |
| | अन्य प्रति के.जी. | २ | |
| ४७ | नोट : गाउँपालिका क्षेत्र भित्र व्यवसाय गर्ने व्यवसायीले दुई वा दुई भन्दा बढी प्रकारका फरक फरक सामाग्रीहरुको व्यवसाय गरेमा | **कुनै दुई प्रकारको फरक व्यवसायको अधिकतम राजश्व शुल्क हिसाव गरेर लिईनेछ ।** | |
| ४८ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा कार्यपालिकाको निर्णय बमोजिम हुने। | **न्युनतम रु ३००।०० देखि अधिकतम रु ५०००।०० सम्म** | |

## अनुसूची ५

## सवारी साधन कर

**प्रदेश कानून बमोजिम हुनेछ।**

## अनुसूची ६

## विज्ञापन कर

**प्रदेश कानून बमोजिम हुनेछ।**

## अनुसूची ७

## विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८१।८२ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | चिकित्सक (स्वास्थ्य र पशु) | १०००।०० | |
| २ | कानून व्यवसायी अधिवक्ता | १०००।०० | |
| ३ | लेखापढी व्यवसायी | १०००।०० | |

| | | | |
|---|---|---|---|
| ४ | क वर्गको लेखापरीक्षक | २०००।०० | |
| ५ | ख वर्गको लेखापरीक्षक | १५००।०० | |
| ६ | ग वर्गको लेखापरीक्षक | १०००।०० | |
| ७ | घ वर्गको लेखापरीक्षक | ५००।०० | |
| ८ | क वर्गको निर्माण व्यवसाय | ६०००।०० | |
| ९ | ख वर्गको निर्माण व्यवसाय | ५०००।०० | |
| १० | ग वर्गको निर्माण व्यवसाय | ४५००।०० | |
| ११ | घ वर्गको निर्माण व्यवसाय | ४०००।०० | |
| १२ | एजेन्सी मेनेजर | २५००।०० | |
| १३ | विमा अभिकर्ता (जीवन विमा) | ५००।०० | |
| १४ | विमा अभिकर्ता(निर्जीवन विमा) | ५००।00 | |

## अनुसूची ८

## मनोरञ्जन कर

**प्रदेश कानून बमोजिम हुनेछ ।**

## अनुसूची ९

## सेवा, शुल्क, दस्तुर

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८१।८२ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | सबै प्रकारका निवेदन दस्तुर | २०।०० | गा.पा र वडा |
| २ | १० रोपनीसम्मको घरजग्गा नामसारी सिफारिस दस्तुर | ५००।०० | वडा |
| ३ | १० रोपनीदेखी माथी ३० रोपनीसम्मको घरजग्गा नामसारी सिफारिस दस्तुर | १०००।०० | वडा |
| ४ | ३० रोपनीदेखी माथिको घरजग्गा नामसारी सिफारिस दस्तुर | १५००।०० | वडा |
| ५ | १० रोपनीसम्मको मोही लगत कट्टा सिफारिस दस्तुर | ५००।०० | वडा |
| ६ | १० रोपनीदेखी माथी ३० रोपनीसम्मको मोही लगत कट्टा सिफारिस दस्तुर | १०००।०० | वडा |
| ७ | ३० रोपनीदेखी माथिको मोही लगत कट्टा सिफारिस दस्तुर | १५००।०० | वडा |
| ८ | घर कायम सिफारिस दस्तुर पक्की घर प्रति व/फि | ०।५० | वडा |

| | | | |
|---|---|---|---|
| ९ | घर कायम सिफारिस दस्तुर कच्ची घर प्रति व/फि | ०।२५ | वडा |
| १० | सवै प्रकारका सर्जमिन सिफारिस दस्तुर | १०००।०० | वडा |
| ११ | छात्रवृत्ति सिफारिस दस्तुर | ३००।०० | वडा र गा.पा. |
| १२ | सवै प्रकारका सनाखत सिफारिस दस्तुर | २००।०० | वडा |
| १३ | विपन्न, असहाय सिफारिस दस्तुर | २००।०० | गरिव परिचयपत्र भएकालाई १०० प्रतिशत छुट |
| १४ | सामाजिक सुरक्षा सँग सम्बन्धित सिफारिस र अपाङ्गता भएको सिफारिस दस्तुर | २००।०० | १०० प्रतिशत छुट सवैलाई |
| १५ | हातहतियार भरुवा बन्दुक नवीकरण सिफारिस | १५००।०० | गा.पा. र वडा |
| १६ | अस्थायी बसोबास सिफारिस दस्तुर | २००।०० | वडा |
| १७ | स्थायी बसोबास सिफारिस दस्तुर | ३००।०० | वडा |
| १८ | नागरिकता सिफारिस दस्तुर (बंशज ) | २००।०० | वडा |
| | नागरिकता सिफारिस दस्तुर (अंगीकृत) | ५००।०० | वडा |
| १९ | नामथर, जन्ममिति, ठेगाना संशोधन सिफारिस दस्तुर | ३००।०० | वडा |
| २० | विद्युत जडान सिफारिस दस्तुर | ३००।०० | वडा र गा.पा. |
| २१ | कित्ताकाट सिफारिस दस्तुर | ५००।०० | वडा |
| २२ | धारा जडान सिफारिस दस्तुर | ३००।०० | वडा |
| २३ | जीवित रहेको सिफारिस | २००।०० | वडा |
| २४ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | ३००।०० | वडा |
| २५ | व्यवसाय बन्द सिफारिस | ५००।०० | वडा |
| २६ | व्यवसाय वन्द दस्तुर | ५००।०० | व्यवसाय वन्द गर्दा विगतको आर्थिक वर्षको कर वाँकी भए सो समेत जरिवाना सहित असुल गरिनेछ। |
| २७ | बहाल करको लेखाजोखा सिफारिस | २००।०० | वडा |
| २८ | मिलापत्र कागज गराउने निवेदन दर्ता सिफारिस | ५००।०० | वडा |
| २९ | जग्गाको हक सम्बन्धी सिफारिस | २५०।०० | वडा |
| ३० | धनीपुर्जामा संशोधन सिफारिस | ५००।०० | वडा र गा.पा. |
| ३१ | धनीपुर्जा हराएको सिफारिस | ५००।०० | वडा |
| ३२ | व्यवसाय सञ्चालन नभएको सिफारिस | ५००।०० | वडा |

| | | | |
|---|---|---|---|
| ३३ | व्यापार व्यवसाय नै नभएको सिफारिस | ५००।०० | वडा |
| ३४ | कोर्ट फि मिनाहा सिफारिस | ५००।०० | वडा |
| ३५ | नाबालक परिचयपत्र सिफारिस | ०।०० | वडा |
| ३६ | चौपाया सम्बन्धी सिफारिस | प्रति गोटा चौपायाको रु १००।०० | भेडा, बाख्रा, बंगुर (गा.पा.) |
| ३७ | चौपाया सम्बन्धी सिफारिस | प्रति गोटा चौपायाको रु ३००।०० | गाई,गोरु, रागाँ भैसी, याक, चौरी लगायत ठूला जनावरहरु (गा.पा.) |
| ३८ | व्यवसाय दर्ता सिफारिस | ५००।०० | वडा |
| ३९ | उद्योग ठाउँसारी सिफारिस | १०००।०० | वडा |
| ४० | आन्तरिक बसाँइसराइ सिफारिस | २००।०० | वडा |
| ४१ | व्यक्तिगत विवरण सिफारिस | ३००।०० | वडा |
| ४२ | जग्गा दर्ता सिफारिस | १०००।०० | वडा |
| ४३ | संरक्षक सिफारिस व्यक्तिगत | २००।०० | वडा |
| ४४ | संरक्षक सिफारिस संस्थागत | ५००।०० | वडा |
| ४५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | २००।०० | वडा |
| ४६ | कोठा खोल्न रोहबरमा बस्ने सिफारिस | ३००।०० | वडा |
| ४७ | स्वास्थ्य उपचार सिफारिस | २००।०० | १०० प्रतिशत छुट (वडा) |
| ४८ | संस्था दर्ता सिफारिस | २०००।०० | गा.पा. |
| | संस्था दर्ता/ नविकरण सिफारिस | ५०० | वडाबाट गा,पा.मा पठाउदा टोल विकास संस्थालाई १०० प्रतिशत छुट |
| ४९ | मृतक तथा जीवितसँगको नाता प्रमाणित दस्तुर | ३००।०० | वडा |
| ५० | आर्थिक अवस्था सम्पन्नता सिफारिस<br>२० लाख सम्मको | १००० | वडा/ गा.पा. |
| | २० लाख देखी ३० लाख सम्मको | २००० | |
| | ३० देखी ४० लाख सम्मको | ३००० | |
| | ४० लाख भन्दा माथी | ५००० | |

| | | | |
|---|---|---|---|
| ५१ | आर्थिक अवस्था विपन्नता सिफारिस | २००।०० | गरिव परिचयपत्र नभएकाहरु |
| ५२ | जग्गा मुल्याङ्कन सिफारिस (दश लाखसम्मको) | ५००।०० | वडा |
| ५३ | जग्गा मुल्याङ्कन सिफारिस (दश लाख माथिको) | १०००।०० | वडा |
| ५४ | पेन्सन नामसारी सिफारिस | १२००।०० | वडा |
| ५५ | पेन्सनको परिवार विवरण नामसारी सिफारिस | ५००।०० | वडा |
| ५६ | रहल पेन्सन जीवित सिफारिस | २००।०० | वडा |
| ५७ | चारकिल्ला प्रमाणित सिफारिस (१० रोपनीसम्म) | ५००।०० | वडा |
| ५८ | चारकिल्ला प्रमाणित सिफारिस (१० देखी १५ रोपनीसम्म) | ७५०।०० | वडा |
| ५९ | चारकिल्ला प्रमाणित सिफारिस (१५ देखी २० रोपनीसम्म) | १०००।०० | वडा |
| ६० | चारकिल्ला प्रमाणित सिफारिस (२० रोपनीभन्दा माथि) | १५००।०० | वडा |
| ६१ | जन्म तथा मृत्यु प्रमाणित सिफारिस | २००।०० | वडा |
| ६२ | जन्म मिति प्रमाणित सिफारिस | २००।०० | वडा |
| ६३ | व्यक्तिगत विवरण प्रमाणित सिफारिस | ३००।०० | वडा |
| ६४ | संरक्षक प्रमाणित | २००।०० | वडा |
| ६५ | विवाह प्रमाणित | ३००।०० | वडा |
| ६६ | घर पाताल प्रमाणित | २००।०० | वडा |
| ६७ | कागज वा मञ्जुरीनामा प्रमाणित | ३००।०० | वडा |
| ६८ | हकवाला प्रमाणित | ३००।०० | वडा |
| ६९ | लेनदेन तमसुक प्रमाणित दस्तुर | २००।०० | वडा |
| ७१ | घर सम्पन्न सिफारिस वा प्रमाणित | ५००।०० | वडा |
| ७२ | अविवाहित प्रमाणित | ३००।०० | वडा |
| ७३ | अपुताली सिफारिस | ५००।०० | वडा |
| ७४ | समावेशी समुहमा पर्ने सिफारिस | ३००।०० | वडा |
| ७५ | माथि उल्लिखित बाहेकका अन्य सिफारिस | ३००।०० | वडा टोल विकास संस्थालाई १०० प्रतिशत छुट |
| ७६ | माथि उल्लिखित सिफारिसहरु भाषा अनुवाद गरिएमा | ५००।०० | वडा |
| ७७ | कार्यालयसँग सम्बन्धित सरकारी कागजपत्रहरुको प्रतिलिपी दस्तुर प्रति पाना | १०।०० | वडा र गा.पा. |
| ७८ | ३५ दिनभित्र जन्म दर्ता गर्न नआएमा जरिवाना स्वरुप विलम्ब शुल्क | २००।०० | ३५ दिनभित्र निःशुल्क । |
| ७९ | ३५ दिनभित्र मृत्यु दर्ता नगराएमा जरिवाना स्वरुप | २००।०० | ३५ दिनभित्र |

| | | | |
|---|---|---|---|
| | विलम्ब शुल्क | | निःशुल्क । |
| ८० | बसाँइसराइ दर्ता शुल्क | ०।०० | वडा |
| ८१ | सम्बन्ध विच्छेद दर्ता शुल्क | ३००।०० | वडा |
| ८२ | विवाह दर्ता शुल्क | ३००।०० | वडा |
| ८३ | व्यक्तिगत घटना दर्ता(जन्म, मृत्यू, विवाह, वसाँईसराई,सम्वन्ध विच्छेद) प्रतिलिपी दस्तुर | ५००।०० | संघीय कानुन बमोजिम |
| ८४ | गैरसरकारी संस्था दर्ता र नविकरण शुल्क | २०००।०० | गा.पा. टोल विकास संस्थालाई १०० प्रतिशत छुट |
| ८५ | संस्था/ प्रतिष्ठान नविकरण सिफारिस दस्तुर | २०००।०० | गा.पा. |
| ८६ | व्यवसाय दर्ता/ नविकरण शुल्क | ५००।०० | गा.पा. |
| ८७ | गाउँपालिकाको सभाहलको भाडा प्रतिदिन | ३०००।०० | विधुत र साउण्ड सिष्टम सहित |
| | सरसफाई शुल्क | ५००।०० | हल प्रयोगकर्ताले आफै गरेमा शुल्क छुट हुनेछ |
| ८८ | वडा कार्यालयको सभाहलको भाडा प्रतिदिन | १०००।०० | |
| ८९ | निजी जमिनमा लगाइएको रुख कटान सिफारिस दस्तुर (प्रति गोटा) (वन तथा वातावरण संरक्षण गर्ने उद्देश्यले यो सिफारिस दस्तुर लगाइएको र यस कार्यमा समुदायको परिचालन गर्ने व्यवस्था गरिएको छ । साथै सिफारिस लिएको आ.व. मा सम्पूर्ण रुख कटान नभई कटान गर्न बाकी रहेमा बाकी रहेको रुखको सिफारिस नविकरण गर्नु परेमा १५ प्रतिशत नविकरण शुल्क लाग्नेछ । ) | ४००।०० | सम्बन्धित क्षेत्रभित्रको टोल विकास संस्थालाई संकलित सिफारिस दस्तुरको २५ प्रतिशत रकम बैंक खाता मार्फत सोझै उपलब्ध गराइनेछ। उक्त रकम टोल बिकास संस्थाले वृक्षारोपण लगायत पर्यावरण संरक्षणको क्षेत्रमा खर्च गर्नुपर्नेछ। |
| ९० | गाउँपालिकाले निर्माण गरेका गाउँपालिका क्षेत्रभित्रका सडकमा गुड्ने निजी तथा भाडाका साना, मझौला तथा ठूला सवारीसाधन (मोटरसाइकल बाहेक) लाई पुर्वाधार उपयोग शुल्क | साना तथा मझौला सवारीसाधनलाई दैनिक रु. ३०।०० तथा ठूला सवारीसाधनलाई दैनिक रु. ५०।०० लिइनेछ। | अग्रीम रुपमा वार्षिक एकमुष्ट रकम बुझाएमा मझौला सवारीसाधनलाई रु. |

| | | | |
|---|---|---|---|
| | | | ४५००।०० र ठूला सवारीसाधनलाई रु. १००००।०० राजस्व लिइनेछ। |
| ९१ | सप्लायर्स, कन्सल्टेन्सी तथा फर्म र गैर सरकारी संस्था सुची दर्ता शुल्क | ५००।०० | |
| ९२ | शिक्षक तथा कर्मचारी सरुवा सिफारिस दस्तुर | १०००।०० | |
| ९३ | महिलाको नाममा व्यवसाय दर्ता गर्न आएमा व्यवसाय दर्ता गर्न लाग्ने शुल्क | दर्ता/नविकरण शुल्कमा ५० प्रतिशत छुट गरिएको छ। | |
| ९४ | समूहहरुको दर्ता र नविकरण शुल्क | ५००।०० | महिलाद्धारा सञ्चालित समुहलाई १०० प्रतिशत छुट |
| ९५ | अपाङ्गता भएका व्यक्तिहरुको व्यवसाय दर्ता तथा नविकरण शुल्क | ५००।०० | १०० प्रतिशत छुट |
| ९६ | व्यवसाय नामसारी दस्तुर | १०००।०० | वडा |
| ९७ | गाउँपालिका क्षेत्र भित्र निर्माण हुने नयाँ भवनको घर नक्सा पास दस्तुर | रु ५। प्रति वर्ग फिट | गा.पा. |
| ९८ | गाउँपालिका क्षेत्र भित्र निर्माण भइसकेका भवनहरुको अभिलेखिकरण दस्तुर | रु ३। प्रति वर्ग फिट | गा.पा. |
| ९९ | कवाडी निकासी कर | प्रति १०० के.जी. रु ५०।- | गा.पा./वडा |
| १०० | खाध्यान्न तथा निर्माण सामाग्री रिटेलिङ विक्री गर्ने गाडीलाई बार्षिक दस्तुर | रु १०००।- | गा.पा./वडा |
| १०१ | जन्म, मृत्यु, सम्पत्ती, बार्षिक आम्दानी र ठेगानालाई अंग्रेजी वा नेपालीमा प्रमाणित दस्तुर | रु ५००।- | वडा |
| १०२ | सिरक दसना बनाउने व्यवसायीलाई व्यवसाय कर (नेपाली नागरिक) | रु ५००।- | गा.पा./वडा |
| | सिरक दसना बनाउने व्यवसायीलाई व्यवसाय कर (बिदेशी नागरिक) | रु १०००।- | गा.पा./वडा |
| १०३ | पञ्जिकाधिकारीबाट बैदेशिक प्रयोजनको लागि प्र.प्र.अ. बाट हुने कागजात प्रमाणित दस्तुर | प्रतिपाना रु ५००।- | |
| १०४ | माटो परिक्षण शुल्क | रु २००।- | सिरीजङ्गा गाउँपालिका क्षेत्रभित्रका किसानको लागि |

| | | | |
|---|---|---|---|
| | | | नि:शुल्क |
| १०५ | निजि शिक्षण संस्था नविकरण दस्तुर | रु ५,०००।- | |
| १०६ | यस अनुसूचीमा नपरेकाको हकमा गाउँ कार्यपालिकाको निर्णयले शुल्क दस्तुर तोक्नेछ। | | |

## अनुसूची १०

## हाटबजार कर

सानासाना प्रकृतिका कृषि उपजहरु स्थानीयस्तरमै विक्री वितरण गर्ने उद्धेश्यले गाउँपालिका क्षेत्रभित्र एकाध स्थानमा कृषि हाटबजार लागिरहेकोमा कृषि उत्पादनलाई प्रवर्द्वन गर्न तत्काललाई हाटबजार कर संकलन नगरिने र भविष्यमा स्थायी तवरले हाटबजार लाग्ने व्यवस्था भएमा गाउँ कार्यपालिकाले हाटबजार करको दर तोकी सोही बमोजिम कर संकलन गरिनेछ।

## अनुसूची ११

## दण्ड, जरिवाना तथा सजाय

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८१।०८२ का लागि पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | तोकिएका कर दस्तुर सेवा शुल्क तोकिएको समय सीमामा नबुझाएमा | व्यवसाय नविकरण असोज महिना पश्चात आएकोमा ५० प्रतिशत जरिवाना लाग्नेछ। आर्थिक वर्षको समाप्ति पश्चात नविकरण गर्न आएमा १०० प्रतिशत जरिवाना थप हुदैं जानेछ।<br>भूमी कर र सम्पत्ति करको हकमा आर्थिक वर्ष समाप्त भए पश्चात आएमा पहिलो पटक लाई ५० प्रतिशत जरिवाना र तत्त पश्चात १०० प्रतिशत थप जरिवाना लाग्नेछ । | गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका व्यवसाय तथा गैर सरकारी संस्थाहरुले आ.व. २०८०।०८१ सम्म नविकरण गर्न बाकी बक्यौता रहेको अवस्थामा चालु आ.व. को असोज मसान्तसम्ममा नविकरण गरेमा जरिवानामा ७५ प्रतिशत छुट दिईनेछ । |
| २ | अन्य स्थानीय तहका नियमहरु पालना नगरेमा | रु. २०००।०० | |
| ३ | गाउँपालिकाको निर्णय बमोजिम कार्यान्वयनमा गएका विकास निर्माणका काममा वाधा विरोध गर्नेलाई | पहिलो पटकका लागि रु. १०००।०० र त्यसपछि पटकै पिच्छे रु .१५००।०० का दरले दण्ड जरिवाना लिइनेछ। | |
| ४ | निषेधित स्थानमा फोहोर विसर्जन गर्नेलाई | पहिलो पटकलाई रु. ५००।०० | यस्ता कार्यको |

| | | | |
|---|---|---|---|
| | | र त्यसपछि पटकै पिच्छेलाई रु. १०००।०० लिइनेछ। | अनुगमनका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ र निषेधित स्थानमा फोहोर विसर्जन गर्ने व्यक्तिबाट दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको २५% प्रतिशत रकम टोल विकास संस्थालाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| ५ | जथाभावी चौपाया छाड्ने व्यक्तिलाई | प्रति चौपाया रु १००।०० लिइनेछ । | यस्ता कार्यको अनुगमनका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ र जथाभावी चौपाया छाड्ने व्यक्तिबाट संकलन गरिने राजस्व रकमको शत् प्रतिशत रकम टोल विकास संस्थालाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| ६ | अर्कालाई अप्ठ्यारो पार्ने नियतले रुख पर्खाल लगाउने र घर टहरा बनाउनेलाई | गाउँपालिकाले त्यस्तो रुख पर्खाल र घरटहरा हटाउन लगाउनेछ र हटाउन नमान्नेलाई रु. १०००।०० जरिवाना लिइ त्यस्तो कार्य स्थानीय प्रशासनको सहयोगमा हटाउनेछ र हटाउँदा लाग्ने सम्पूर्ण खर्च सोही व्यक्तिबाट असुलउपर गरिनेछ। | |
| ७ | गाउँपालिकामा दर्ता नगरी व्यापार व्यवसाय गर्ने व्यक्तिलाई | रु. १०००।०० | सम्बन्धित वडाले दर्ता नगरी सञ्चालन भएका व्यापार व्यवसायको अनुगमन गर्न सम्बन्धित |

| | | | |
|---|---|---|---|
| | | | क्षेत्रका टोल विकास संस्थाहरुलाई परिचालन गर्नसक्ने र यसरी दर्ता नगरी व्यापार व्यवसाय गर्ने व्यक्तिहरुबाट जरिवाना स्वरु.प संकलन हुने राजस्व रकमको २५ प्रतिशत रकम टोल विकास संस्थाहरुलाई पुरस्कार स्वरुप प्रदान गर्न सकिनेछ। |
| ८ | अनुमती वेगर गाउँपालिका भित्र नदीजन्य सामाग्री (ढुंगा, गिटी बालुवा) उत्खनन गर्ने व्यक्तिलाई | पहिलो पटकलाई रु. १५०००।०० जरिवाना लिइनेछ । र उक्त कार्य दोहोर्याएमा पटकै पिच्छे दोब्बर जरिवाना लिइनेछ।त्यसमा प्रयोग हुने सामानहरु जफत सम्म गर्न सकिनेछ। | यस्ता कार्यको अनुगमनका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ र उक्त कार्यको अनुगमनमा सहयोग गरे वापत् दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको २५ प्रतिशत रकम टोल विकास संस्थालाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| ९ | पसलहरुमा मुल्यसुची नराख्रेलाई | रु. १०००।०० | यस्ता कार्यको अनुगमनका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ र पसलहरुमा मुल्यसुची नराख्रेबाट दण्ड जरिवाना स्वरुप संकलन राजस्व रकमको २५ प्रतिशत रकम टोल विकास संस्थालाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ। |
| १० | खेतीयोग्य जमिन बाँझो राख्रेलाई | तोकिएको मालपोत करको थप | खेतीयोग्य जमिन हो |

| | | | |
|---|---|---|---|
| | | १०० प्रतिशत जरिवाना लिइनेछ। | होइन भनी सम्बन्धित वडाध्यक्षले ठहर गर्नेछ। र, खेतीयोग्य जमिन बाँझो राख्ने व्यक्तिलाई गरिने जरिवानाको २५ प्रतिशत रकम सम्बन्धित क्षेत्रका टोल विकास संस्थालाई पुरस्कार स्वरुप प्रदान गर्न सकिनेछ। |
| ११ | मिति गुज्रिएका (Date Expire) सामान विक्री वितरण गर्ने सबै प्रकारका व्यवसायीलाई | पहिलो पटकका लागि रु. ३०००।०० जरिवाना लिइनेछ।र, त्यस्तो कार्य नदोहोर्याउन सचेत गराइने छ।उल्लिखित कार्य दोहोर्याएको पाइएमा प्रचलित कानून बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ। | सम्बन्धित वडाले मिति गुज्रिएका सामान विक्री वितरण भए नभएको अनुगमन गर्न सम्बन्धित क्षेत्रका टोल विकास संस्थाहरुलाई. परिचालन गर्न सक्ने र मिति गुज्रिएका सामान विक्री वितरण गर्ने व्यक्तिबाट जरिवाना स्वरु.प संकलन हुने राजस्व रकमको २५ प्रतिशत रकम टोल विकास संस्थाहरुलाई. पुरस्कार स्वरुप प्रदान गर्न सकिनेछ। |
| १२ | गाउँपालिका क्षेत्रभित्रका नदी, खोला, खोल्सी आदिमा पाइने दुर्लभ असला र तीते लगायतका माछा मार्न रसायनिक विषादी वा करेण्ट वा महाजाल प्रयोग गर्ने व्यक्ति तथा समुहलाई | प्रचलित संघीय तथा प्रादेशिक कानूनमा उल्लिखित सजायका अतिरिक्त गाउँपालिकाले दश हजार रुपैंयासम्म थप जरिवाना लिन सक्नेछ। | यस कार्यको निरन्तर अनुगमन गर्नका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ।र, यसरी दण्ड जरिवाना गर्दा संकलन हुने राजस्व रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरुप टोल विकास संस्थालाई उपलब्ध गराइनेछ। |
| १३ | गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य सम्बन्धि मापदण्ड पालना गरेर मात्र ल्याव, क्लिनिक, औषधि पसल तथा पशु चौपायाको औषधी | पहिलो पटकको लागी रु ५०००।००जरिवाना लिइनेछ र सचेत गराइनेछ। उल्लेखित कार्य | यस कार्यको निरन्तर अनुगमन गर्नका लागि सम्बन्धित वडाले टोल |

| | | | |
|---|---|---|---|
| | पसल संचालन गर्न पाइनेछ, स्वास्थ्य सम्बन्धि मापदण्ड पालना समेत नगरी यस गाउँपालिकामा दर्ता नभएका ल्याव तथा क्लिनिक संचालन गरेमा। | फेरी दोहोरिएमा आवश्यक नियामानूसार कारवाहीको लागी सम्बन्धित निकायमा लेखी पठाइनेछ। | विकास संस्थालाई परिचालन गर्न सक्नेछ।र, यसरी दण्ड जरिवाना गर्दा संकलन हुने राजस्व रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरुप टोल विकास संस्थालाई उपलब्ध गराइनेछ। |
| १४ | गाउँपालिका भित्र संचालित ल्याव, क्लिनिक, औषधि पसल तथा पशु चौपायाको औषधी पसलले म्याद ग्रुजिएको औषधि जन्य सामग्रीहरु विक्रिवितरण गरेमा। | म्याद ग्रुजिएको औषधिहरुको विक्रिवितरणमा पूर्ण प्रतिवन्ध लगाइएको हुदाँ गाउँपालिकाबाट हुने अनुगमनमा यस्तो पाइएमा रु १०००।००जरिवाना र इजाजत पत्र खारेजी साथै नियामानूसार कारवाहीको लागी सम्बन्धित निकायमा लेखी पठाइनेछ। | यस कार्यको निरन्तर अनुगमन गर्नका लागि सम्बन्धित वडाले टोल विकास संस्थालाई परिचालन गर्न सक्नेछ।र, यसरी दण्ड जरिवाना गर्दा संकलन हुने राजस्व रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरुप टोल विकास संस्थालाई उपलब्ध गराइनेछ। |
| १५ | यस अनुसूचीमा उल्लेख गरिएका विषयमा तोकिएको दण्ड जरिवानाका अतिरिक्त अन्य विषयमा दण्ड जरिवाना लगाउनु पर्ने भएमा गाउँ सभा अधिवेशनबाट अनुमोदन गराउने गरी गाउँ कार्यपालिकाले दण्ड जरिवाना तोक्न सक्नेछ। | | |

**आज्ञाले,**

**श्री मधुर नेपाली**

**प्रमुख प्रशासकीय अधिकृत**

**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**